# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, माघ १९ गते २०५८ साल (अतिरिक्ताङ्क ६५ (ख)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना १

माननीय विज्ञान तथा प्रविधि राज्यमन्त्री श्री भक्तबहादुर बलायर संयुक्त राज्य अमेरिकाको निजी भ्रमणका लागि २०५८ साल माघ २० गते त्यसतर्फ जानुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्री श्री नरेन्द्रविक्रम नेम्वाङ्गले सम्हाल्नु हुनेछ।

### सूचना २

माननीय श्रम तथा यातायात व्यवस्था मन्त्री श्री पाल्तेन गुरुङ वैदेशिक रोजगार प्रवर्द्धनको सिलसिलामा २०५८ साल माघ २० गते मलेशियातर्फ जानुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको श्रम तथा यातायात व्यवस्था मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री बलबहादुर के.सी. ले सम्हाल्नु हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9926

## सूचना ३

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम श्री नारायण शम्शेर थापालाई बल्जियमका लागि शाही नेपाली राजदूत नियुक्त गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



र, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
1926